#  प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) हेटौंडा, मकवानपुर, कार्तिक १४ गते,२०७५ साल (अतिरिक्ताङ्क २१(क)

## भाग २

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सरकारले तल लेखिए बमोजिमको आदेश स्वीकृत गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## प्रदेश नीति तथा योजना आयोग(गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा संशोधन

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश मन्त्रिपरिषद्ले देहाय बमोजिमको आदेश स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०७५" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश नीति तथा योजना आयोग (गठन तथा सञ्चालन) आदेशको दफा १५ मा संशोधनः** प्रदेश नीति तथा योजना आयोग (गठन तथा सञ्चालन) आदेशको दफा १५ को;-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश हटाइएको छ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छ।

"(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्ष र सदस्यहरुलाई सवारी साधन-१ इन्धन १२० लिटर मासिक र मोबिल (लुब्रिकन्ट) ५ लिटर त्रैमासिक रुपमा उपलब्ध गराइने छ।

तर यस उपदफा बमोजिमको सुविधा नलिनेको हकमा निजको मासिक पारिश्रमिक बराबरको रकम मासिक रुपमा उपलब्ध गराईने छ।"

**मन्त्रिपरिषदबाट स्वीकृत प्राप्त मितिः २०७५।०७।१४**

**आज्ञाले,**
**लक्ष्मी प्रसाद गौतम**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-